# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) वीरेन्द्रनगर, सुर्खेत, श्रावण ३१ गते, २०७९ साल (अतिरिक्ताङ्क ११

## भाग-१

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

## सूचना

कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०७९ सालको ऐन नं. १०**

**कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई संशोधन गर्न बनेको ऐन**

**प्रस्तावनाः** कर्णाली प्रदेश सहकारी ऐन, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "कर्णाली प्रदेश सहकारी (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>कर्णाली प्रदेश सहकारी ऐन, २०७५ को दफा २ मा संशोधन</u>:** कर्णाली प्रदेश सहकारी ऐन, २०७५ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) मा रहेका "दफा २७" भन्ने शब्दहरूको सट्टा "दफा २६" भन्ने शब्दहरू राखिएका छन्।

३. **<u>मूल ऐनको दफा ३ मा संशोधन</u>:** मूल ऐनको दफा ३ को,-

(१) उपदफा (१) मा रहेको "पच्चिस" भन्ने शब्द को सट्टा "तीस" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको कारोबार गर्ने संस्था गठन गर्दा महानगरपालिका र उपमहानगरपालिका क्षेत्रमा कम्तीमा एकसय जना र नगरपालिका क्षेत्रमा कम्तीमा पचास जना नेपाली नागरिकको सहभागिता हुनुपर्नेछ।"

४. **<u>मूल ऐनको दफा १३ मा संशोधन</u>:** मूल ऐनको दफा १३ को उपदफा (५) पछि देहायका उपदफा (६) र (७) थपिएका छन्ः-

"(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि महानगरपालिका र उप-महानगरपालिकाको हकमा सिमाना जोडिएका एक-एक वटा मात्र वडा समावेश हुने गरी दुई स्थानीय तह वा नगरपालिका र गाउँपालिकाको हकमा सिमाना जोडिएका वडाहरू समावेश हुने गरी दुई स्थानीय तह पर्ने गरी तोकिएको मापदण्ड बमोजिम बचत तथा ऋण सहकारी संस्था दर्ता गरिनेछ।

(७) दफा ८ बमोजिमको विशिष्टिकृत संघको हकमा विषयगत जिल्ला सहकारी संघ वा विषयगत प्रदेश सहकारी संघ

आन्तरिक मामिला तथा कानून मन्त्रालय

वा केन्द्रीय विषयगत सहकारी संघद्वारा प्रदान गरिने सेवामा दोहोरो नपर्ने गरी मात्र दर्ता हुन सक्नेछ।"

**५. <u>मूल ऐनको दफा १६ मा संशोधनः</u>** मूल ऐनको दफा १६ को,-

(१) उपदफा (१) को खण्ड (क)मा रहेका "एक वडा पर्ने गरी कम्तीमा" भन्ने शब्दहरूको सट्टा सिमाना जोडिएका एक-एक वटा मात्र वडा पर्ने गरी" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) को खण्ड (ख) मा रहेका "अन्यको हकमा देहायका आधारमा एक भन्दा बढी स्थानीय तहसम्म" भन्ने शब्दहरूको सट्टा "नगरपालिका वा गाउँपालिकामा बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था र अन्य संस्थाको हकमा देहायका आधारमा तोकिए बमोजिम सिमाना जोडिएका वडाहरू समावेश हुने गरी दुई स्थानीय तहसम्म" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) दफा १३ को उपदफा (६) बमोजिम निर्धारित मापदण्ड प्रतिकूल नरहेको।"

(४) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जलविद्युत आयोजना, शिक्षा, भाषिक, साहित्यिक, साँस्कृतिक, स्वास्थ्य सेवा, सञ्चार, यातायात, विशेष कृषि वा वनजन्य पैदावारको उत्पादन, सञ्चय वा प्रशोधन गर्ने जस्ता व्यावसायिक क्षेत्र एवं सदस्यहरूको सहभागिता विस्तारका कारण प्रारम्भमै फराकिलो कार्यक्षेत्र आवश्यक पर्ने संस्थाको कार्यक्षेत्र दर्ता गर्दाका बखत नै तोकिएको आधारमा प्रदेशभित्रका एक स्थानीय तह वा जिल्ला वा एकभन्दा बढी जिल्ला कायम गर्न सकिनेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय

(५) उपदफा (५) को खण्ड (क) र (ख) मा रहेका "उपदफा (५)" भन्ने शब्दहरूको सट्टा "उपदफा (४)" भन्ने शब्दहरू राखिएका छन्।

६. **<u>मूल ऐनको दफा १९ मा संशोधन</u>**: मूल ऐनको दफा १९ को उपदफा (१) मा रहेका "दर्ता भएपछि संस्थाले आफ्नो" भन्ने शब्दहरूको सट्टा "दर्ता प्रमाणपत्र प्राप्त गरेपछि संस्था वा संघले दफा २२ बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

७. **<u>मूल ऐनको दफा २० मा संशोधन</u>**: मूल ऐनको दफा २० को उपदफा (३) झिकिएको छ।

८. **<u>मूल ऐनको दफा २४ मा संशोधन</u>**: मूल ऐनको दफा २४ को ठाउँ-ठाउँमा रहेको "प्रादेशिक" भन्ने शब्दको सट्टा "प्रदेश" भन्ने शब्द राखी सोही दफाको खण्ड (ङ) झिकिएको छ।

९. **<u>मूल ऐनको दफा २५ मा संशोधन</u>**: मूल ऐनको दफा २५ को उपदफा (२) मा रहेको "तथा" भन्ने शब्दको सट्टा "वा" भन्ने शब्द राखिएको छ।

१०. **<u>मूल ऐनको दफा २७ मा संशोधन</u>**: मूल ऐनको दफा २७ को,-

(१) उपदफा (१) मा रहेको प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ।"

(३) उपदफा (३), (४), (५) र (६) झिकिएका छन्।

११. **<u>मूल ऐनको दफा २८ मा संशोधन</u>**: मूल ऐनको दफा २८ को उपदफा (१) मा रहेको "अठार" भन्ने शब्दको सट्टा "सोह्र" भन्ने शब्द राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

१२. **<u>मूल ऐनको दफा ३० मा संशोधन</u>**: मूल ऐनको दफा ३० को उपदफा (१) मा रहेका "स्थानीय तहको" भन्ने शब्दहरूको सट्टा "प्रदेशको" भन्ने शब्द राखिएको छ।

१३. **<u>मूल ऐनको दफा ३२ मा संशोधन</u>**: मूल ऐनको दफा ३२ को उपदफा (१) को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छः-

"(घ) दफा २८ बमोजिमको योग्यता नभएमा।"

१४. **<u>मूल ऐनको दफा ३७ मा संशोधन</u>**: मूल ऐनको दफा ३७ को उपदफा (३) को खण्ड (च) मा रहेको "निर्देशन" भन्ने शब्दको सट्टा "आदेश" भन्ने शब्द राखिएको छ।

१५. **<u>मूल ऐनको दफा ३८ मा संशोधन</u>**: मूल ऐनको दफा ३८ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा छलफल गर्ने गरी तोकिए बमोजिम सदस्य संख्याको आधारमा स्थानीय तह वा त्यसकको वडा वा अन्य उपयुक्त भौगोलिक इकाई समावेश हुने गरी कार्यक्षेत्र विभाजन गरी विभाजित इकाइहरूमा सञ्चालक सदस्यहरू लाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्नको लागि प्रतिनिधि छनौट गर्न सक्नेछ। त्यस्ता प्रतिनिधिहरू को उपस्थितिको सभाले साधारण सभाको अन्तिम निर्णय प्रमाणित गर्नेछ।"

१६. **<u>मूल ऐनको दफा ३९ मा संशोधन</u>**: मूल ऐनको दफा ३९ को,-

(१) उपदफा (२) मा रहेका "न्यूनतम तेत्तीस प्रतिशत महिला सदस्यको" भन्ने शब्दहरूको सट्टा "कम्तीमा एकजना पदाधिकारी सहित तेत्तीस प्रतिशत महिला सदस्यको" भन्ने शब्दहरु राखी सोही उपदफाको अन्त्यमा देहायको प्रतिवन्धात्मक वाक्यांश राखिएको छः-

"तर सहकारी संस्थामा महिला सदस्य नरहेको अवस्थामा यो व्यवस्था लागू हुने छैन।"

(२) उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) कुनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको सञ्चालक हुन सक्नेछ।"

(३) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी सहकारी संस्थाको सञ्चालक वा सोही वा अर्को सहकारी संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक सहकारी संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ।"

(४) उपदफा (६) पछि देहायका उपदफा (६क) र (६ख) थपिएका छन्ः-

"(६क) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको वा तिनको स्वामित्व रहेको कुनै निकायमा निर्वाचित वा मनोनीत हुने पदमा बहाल रहेको पदाधिकारी वा त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको समितिमा निर्वाचित वा मनोनीत हुन सक्ने छैन।

(६ख) यो ऐन प्रारम्भ हुँदाका बखत उपदफा (६क) मा उल्लिखित पदाधिकारी वा कर्मचारी कुनै सहकारी संस्थाको समितिमा रहेछ भने यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र समिति वा त्यस्तो निकाय मध्ये एकबाट अलग हुनुपर्नेछ।"

(५) उपदफा (७) मा रहेका "तीन वर्षको" भन्ने शब्दहरूको सट्टा "चार वर्षको" भन्ने शब्दहरू राखिएका छन्।

**१७. <u>मूल ऐनको दफा ४६ मा संशोधन</u>ः** मूल ऐनको दफा ४६ को उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन्ः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय

"(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको वा तिनको स्वामित्व रहेको कुनै निकायमा निर्वाचित वा मनोनीत हुने पदमा बहाल रहेको पदाधिकारी वा त्यस्तो निकायमा कार्यरत कर्मचारी सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिमा निर्वाचित वा मनोनित हुन सक्ने छैन।

(४) यो ऐन प्रारम्भ हुँदाका बखत उपदफा (३) मा उल्लिखित पदाधिकारी वा कर्मचारी कुनै सहकारी संस्थाको लेखा सुपरिवेक्षण समितिमा रहेछ भने यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र लेखा सुपरिवेक्षण समिति वा त्यस्तो निकाय मध्ये एकबाट अलग हुनुपर्नेछ।"

**१८. <u>मूल ऐनको दफा ४८ मा संशोधन</u>:** मूल ऐनको दफा ४८ को उपदफा (७) झिकिएको छ।

**१९. <u>मूल ऐनको दफा ४९ मा संशोधन</u>:** मूल ऐनको दफा ४९ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सहकारी संस्थाको प्रयोजनका लागि बचत तथा ऋणको सन्दर्भ व्याजदर सहकारी सम्बन्धी संघीय कानून बमोजिम हुनेछ।"

(२) उपदफा (२) मा रहेको "संस्थाका" भन्ने शब्दको सट्टा "सहकारी संस्थाका" भन्ने शब्दहरू राखिएका छन्।

(३) उपदफा (३) झिकिएको छ।

**२०. <u>मूल ऐनको दफा ६१ मा संशोधन</u>:** मूल ऐनको दफा ६१ को,-

(१) उपदफा (१) मा रहेको "संस्थाले" भन्ने शब्दको सट्टा "सहकारी संस्थाले" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले एकै सदस्यलाई आफ्नो कूल शेयर पूँजीको

बत्तीस प्रतिशत भन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन।

तर, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थाको हकमा कूल शेयर पूँजीको बिस प्रतिशत भन्दा बढी हुने गरी शेयर बिक्री गर्न बाधा पर्ने छैन।"

**२१. <u>मूल ऐनको परिच्छेद-१० मा संशोधनः</u>** मूल ऐनको परिच्छेद-१० को परिच्छेद शीर्षकमा रहेका "संस्थाको कोष" भन्ने शब्दहरूको सट्टा "सहकारी संस्थाको कोष" भन्ने शब्दहरू राखिएका छन्।

**२२. <u>मूल ऐनको दफा ६५ मा संशोधनः</u>** मूल ऐनको दफा ६५ को ठाउँ-ठाउँमा रहेका "संस्थाको" भन्ने शब्दको सट्टा "सहकारी संस्थाको" भन्ने शब्दहरू राखी सोही दफाको उपदफा (१) को खण्ड (घ) मा रहेका "प्रदेश सरकार" भन्ने शब्दहरू पछि "वा स्थानीय तह" भन्ने शब्दहरू थपिएका छन्।

**२३. <u>मूल ऐनको दफा ६८ मा संशोधनः</u>** मूल ऐनको दफा ६८ को,-

(१) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) सहकारी प्रवर्धन कोषको सञ्चालन सम्बन्धी व्यवस्था सहकारी सम्बन्धी संघीय कानून बमोजिम हुनेछ।"

(२) उपदफा (३), (४), (५), (६), (७), (८), (९) र (१०) झिकिएका छन्।

**२४. <u>मूल ऐनको दफा ६९ मा संशोधनः</u>** मूल ऐनको दफा ६९ को उपदफा (१) मा रहेको "संस्थामा" भन्ने शब्दको सट्टा "सहकारी संस्थामा" भन्ने शब्दहरू राखिएका छन्।

**२५. <u>मूल ऐनको दफा ७६ मा संशोधनः</u>** मूल ऐनको दफा ७६ को,-

(१) उपदफा (२) मा रहेका "जगेडा कोषमा छुट्याइएको रकम," भन्ने शब्दहरू पछि "दफा ६७ को उपदफा (२) बमोजिम संरक्षित पूँजी फिर्ता कोष र" भन्ने शब्दहरू थपिएका छन्।

(२) उपदफा (५) र (६) को सट्टा देहायका उपदफा (५) र (६) राखिएका छन्:-

"(५) सहकारी संस्थाले पाउने अन्य छुट, सुविधा र सहुलियत सहकारी सम्बन्धी संघीय कानूनमा व्यवस्था भएबमोजिम हुनेछ।

(६) प्रचलित कानूनको प्रतिकूल नहुने गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी सहकारी संस्थालाई थप छुट, सुविधा र सहुलियत दिन सक्नेछ।"

(३) उपदफा (६) पछि देहायको उपदफा (७) थपिएको छः-

"(७) यस दफा बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्ति सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ।"

**२६. मूल ऐनको दफा ७७ मा संशोधनः** मूल ऐनको दफा ७७को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएकोछः-

"(८) ऋण असुली सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

**२७. मूल ऐनको दफा ७८ मा संशोधनः** मूल ऐनको दफा ७८ को सट्टा देहायको दफा ७८ राखिएको छः-

"**७८. कालो सूची सम्बन्धी व्यवस्थाः** (१) सहकारी संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा भाखा भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नाम नामेशी सहित कालो सूचीमा प्रकाशन गर्न सकिनेछ।

(२) कालो सूची प्रकाशन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।"

**२८. मूल ऐनको दफा ७९ मा संशोधनः** मूल ऐनको दफा ७९ को उपदफा (१) मा रहेका "एक सहकारी संस्थाको" भन्ने शब्दहरूको सट्टा "सहकारी संस्थाको" भन्ने शब्दहरू राखिएका छन्।

२९. <u>**मूल ऐनको दफा ८० मा संशोधन**</u>: मूल ऐनको दफा ८० मा रहेको "प्रादेशिक स्तरमा" भन्ने शब्दको सट्टा "प्रदेश स्तरमा" भन्ने शब्द राखिएको छ।

३०. <u>**मूल ऐनको दफा ८१ मा संशोधन**</u>: मूल ऐनको दफा ८१ मा रहेको "रजिष्ट्रारले" भन्ने शब्दको सट्टा "सहकारी संस्थाले" भन्ने शब्दहरू र "गरिदिन" भन्ने शब्दको सट्टा "गर्न" भन्ने शब्द राखिएको छ।

३१. <u>**मूल ऐनको दफा ८२ मा संशोधन**</u>: मूल ऐनको दफा ८२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सहकारी संस्थाले दफा ७७ र ८१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ।"

३२. <u>**मूल ऐनको दफा ८५ मा संशोधन**</u>: मूल ऐनको दफा ८५ को उपदफा (७) पछि देहायको उपदफा (८) थपिएको छः-

"(८) एकीकरण र विभाजन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

३३. <u>**मूल ऐनको दफा ८६ मा संशोधन**</u>: मूल ऐनको दफा ८६ को उपदफा (६) पछि देहायको उपदफा (६क) थपिएको छः-

"(६क) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि रजिष्ट्रारले प्रदेश सरकारले तोकेको सीमा भन्दा बढी रकम अनुदान प्राप्त गरेको संस्था वा संघको दर्ता खारेज गर्नु अघि मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।"

३४. <u>**मूल ऐनको दफा ८७ मा संशोधन**</u>: (१) मूल ऐनको दफा ८७ को,-

(१) उपदफा (२)को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको सीमा सम्मको सम्पत्ति भएको सहकारी संस्थाको हकमा

रजिष्ट्रारले कुनै अधिकृत कर्मचारीलाई लिक्विडेटर नियुक्ति गर्न सक्नेछ।"

(२) उपदफा (२) पछि देहायका उपदफा (३) र (४) थपिएका छन्ः-

"(३) उपदफा (२) बमोजिम लिक्विडेटर नियुक्ति भएमा लिक्विडेशनको सम्पूर्ण खर्च प्रदेश सरकारले व्यहोर्नेछ।

(४) यस ऐनबमोजिम दर्ता खारेज भएको सहकारी संस्थाको लिक्विडेटरको काम, कर्तव्य, अधिकार र पारिश्रमिक तथा लिक्विडेशन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

**३५. <u>मूल ऐनको दफा ८९ मा संशोधन</u>ः** मूल ऐनको दफा ८९ को,-

(१) दफा शीर्षकमा रहेको "प्रादेशिक" भन्ने शब्दको सट्टा "प्रदेश" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (१)को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) मन्त्रालयले प्रदेश निजामती सेवाको प्रशासन सेवाको अधिकृतस्तर नवौं वा दशौं तह वा सो सरहको पदमा कार्यरत कर्मचारीलाई प्रदेश रजिष्ट्रारको रूपमा कार्य गर्ने गरी तोक्नेछ।"

(२) उपदफा (२) र (३) झिकिएका छन्।

**३६. <u>मूल ऐनको दफा ९० मा संशोधन</u>ः** (१) मूल ऐनको दफा ९० को सट्टा देहायको दफा ९० राखिएको छः-

"**९०.<u>रजिष्ट्रारको काम, कर्तव्य र अधिकार</u>ः** (१) यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त रजिष्ट्रारको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्था दर्ता गर्नको लागि परेको दरखास्त उपर आवश्यक जाँचवुझ गरी सहकारी संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिने,

(ख) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सहकारी संस्थाले आफ्नो कार्य सञ्चालन गर्न बनाएको विनियम स्वीकृत गर्ने,

(ग) यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रहि सहकारी संस्थाको एकीकरण, विभाजन तथा कार्यक्षेत्र पुनःनिर्धारण सम्बन्धी कार्य गर्ने,

(घ) सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा एवं सञ्चालन सम्बन्धी कार्य गर्ने र

(ङ) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रजिष्ट्रारलाई प्राप्त अधिकारहरू मध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतका अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।"

**३७. <u>मूल ऐनको दफा ९२ मा संशोधन</u>:** मूल ऐनको दफा ९२ को उपदफा (१) मा रहेका "एक चौथाई" भन्ने शब्दहरूको सट्टा "पाँच" भन्ने शब्द राखिएको छ।

**३८. <u>मूल ऐनको दफा ९५ मा संशोधन</u>:** मूल ऐनको दफा ९५ को,-

(१) दफा शीर्षकमा रहेका "विषयगत संघले सुपरिवेक्षण गर्ने" भन्ने शब्दहरूको सट्टा "संघले निरीक्षण तथा अनुगमन गर्नुपर्ने" भन्ने शब्दहरू राखिएको छ।

(२) उपदफा (१) र (२)को सट्टा देहायका उपदफा (१) र (२) राखिएका छन्:-

"(१) संघले आफ्नो स्वीकृत कार्यविधि बमोजिम आफ्ना सदस्यको काम कारबाहीको निरीक्षण तथा अनुगमन गरी सोको प्रतिवेदन सहकारी रजिष्ट्रारको कार्यालयलाई दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू समावेश गर्नुपर्नेछ:-

(क) अनुगमन तथा निरीक्षण गरेको संस्था वा संघको विवरण,

(ख) संस्था वा संघमा यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम र विनियमको पालनाको अवस्था,

(ग) सदस्यहरूले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(घ) सदस्यहरूको सहभागिताको स्तर,

(ङ) संस्था वा संघको आर्थिक र वित्तीय अवस्था तथा कोषको परिचालनको अवस्था,

(च) तोकिए बमोजिमका अन्य विवरण।"

(३) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (३) बमोजिम दिएको सुझाव वा निर्देशन सम्बन्धी विषय संघको वार्षिक प्रतिवेदनमा समेत उल्लेख गर्नुपर्नेछ।"

(४) उपदफा (६) झिकिएको छ।

**३९. <u>मूल ऐनको दफा ९६ मा संशोधन</u>**: मूल ऐनको दफा ९६ को,-

(१) उपदफा (२) झिकिएको छ।

(२) उपदफा (३) को,-

(क) "उपदफा (१) र उपदफा (२) बमोजिमको" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) बमोजिमको" भन्ने शब्दहरू राखिएका छन्।

(ख) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) सहकारी संस्थालाई विभिन्न संघ संस्था तथा सरकारी निकायहरूबाट प्राप्त वित्तीय सहयोग अनुदान तथा छुट सुविधा सदुपयोगको अवस्था,"

(ग) खण्ड (ढ) मा रहेका "दफा २०" भन्ने शब्दहरूको सट्टा "दफा १९" भन्ने शब्दहरू राखिएका छन्।

**४०. <u>मूल ऐनको दफा ९८ मा संशोधन</u>**: मूल ऐनको दफा ९८ को,-

(१) दफा शीर्षकमा रहेका "सम्बन्धी व्यवस्था" भन्ने शब्दहरूको सट्टा "गर्न सक्ने" भन्ने शब्दहरू राखिएका छन्।

(२) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सहकारी संस्थाले कानूनमा व्यवस्था भए बमोजिम बिमा समितिबाट स्वीकृत योजनाको शर्त बन्देज अनुसार आफ्ना सदस्यको बालीनाली वा वस्तुभाउ जस्ता योजनामा उल्लिखित कारणले भएको क्षतिको निश्चित अंश पूर्ति गर्ने गरी निर्धारित अधिकतम सीमा र शुल्क सम्मको आपसी सुरक्षण सेवा सञ्चालन गर्न सक्नेछ।"

**४१. <u>मूल ऐनको दफा ९९ मा संशोधन</u>**: मूल ऐनको दफा ९९ को उपदफा (२) मा रहेका "प्रचलित नेपाल कानून" भन्ने शब्दहरूको सट्टा "सहकारी सम्बन्धी संघीय कानून" भन्ने शब्दहरू राखिएका छन्।

**४२. <u>मूल ऐनको परिच्छेद-१८ मा संशोधन</u>**: मूल ऐनको परिच्छेद-१८ को परिच्छेद शीर्षकमा रहेका "संघको व्यवस्थापन" भन्ने शब्दहरूको सट्टा "संघ" भन्ने शब्द राखिएको छ।

**४३. <u>मूल ऐनको दफा १०० मा संशोधन</u>**: मूल ऐनको दफा १०० को सट्टा देहायको दफा १०० राखिएको छः-

"१००. **<u>संस्था वा संघ समस्या ग्रस्त भएको घोषणा गर्न सक्ने</u>**: (१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्था वा संघमा देहायको अवस्था विद्यमान रहेको देखिएमा रजिष्ट्रारले त्यस्तो संस्था वा संघलाई समस्या ग्रस्त संस्था वा संघको रूपमा घोषणा गर्न मन्त्रालय समक्ष सिफारिस गर्नेछः-

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्था वा संघले पुरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था वा संघ दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्था वा संघले सदस्यको बचत रकम फिर्ता गर्नुपर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्था वा संघको कम्तीमा पच्चीस जना सदस्यले रजिष्ट्रार समक्ष निवेदन दिएकोमा छानबिन गर्दा खण्ड (क), (ख), (ग), (घ) र (ङ) बमोजिमको कुनै अवस्था विद्यमान भएको देखिएको।

(२) उपदफा (१) बमोजिम सिफारिस प्राप्त भएमा त्यस्तो संस्था वा संघलाई मन्त्रालयले समस्या ग्रस्त संस्था घोषणा गर्न सक्नेछ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम प्रदेश सरकारले गठन गरेको आयोगले कुनै संस्था वा संघलाई समस्या ग्रस्त संस्था वा संघ घोषणा गर्न सिफारिस गरेमा वा समस्या ग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा मन्त्रालयले त्यस्तो संस्था वा संघलाई समस्या ग्रस्त संस्था वा संघ घोषणा गर्न सक्नेछ।"

४४. **<u>मूल ऐनको दफा १०१ मा संशोधनः</u>** मूल ऐनको दफा १०१ को सट्टा देहायको दफा १०१ राखिएको छः-

"१०१. **<u>समस्या ग्रस्त संस्था वा संघको व्यवस्थापन</u>**: (१) यस ऐन बमोजिम कुनै संस्था वा संघलाई समस्या ग्रस्त संस्था वा संघको रूपमा घोषणा गरिएकोमा त्यस्तो समस्या ग्रस्त संस्था वा संघको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी लगायत अन्य व्यवस्थापनको लागि मन्त्रालयको प्रस्तावमा प्रदेश सरकारले नेपाल सरकार समक्ष सिफारिस गर्नेछ।

(२) समस्या ग्रस्त संस्था वा संघको व्यवस्थापनका लागि व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार तथा त्यस्तो संस्था वा संघको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था सहकारी सम्बन्धी संघीय कानून बमोजिम हुनेछ।"

४५. **<u>मूल ऐनको दफा १०३ मा संशोधन</u>**: मूल ऐनको दफा १०३को सट्टा देहायको दफा १०३ राखिएको छः-

"१०३. **<u>कसुर रदण्ड सजाय</u>**: सहकारी सम्बन्धी कसुर र दण्ड सजाय सम्बन्धी व्यवस्था सहकारी सम्बन्धी संघीय कानून बमोजिम हुनेछ।"

४६. **<u>मूल ऐनको दफा १०६ मा संशोधन</u>**: मूल ऐनको दफा १०६ को उपदफा (४) झिकिएको छ।

४७. **<u>मूल ऐनको दफा १०८ मा संशोधन</u>**: मूल ऐनको दफा १०८ मा रहेको "(१)" भन्ने अङ्क झिकिएको छ।

४८. **<u>मूल ऐनको दफा ११३ मा संशोधन</u>**: मूल ऐनको दफा ११३ को उपदफा (१) झिकिएको छ।

४९. **<u>मूल ऐनको दफा ११४ मा संशोधन</u>**: मूल ऐनको दफा ११४ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दफा १०६ बमोजिमको जरिवाना, दफा १०९ को उपदफा (१) को खण्ड (घ) र (ङ) तथा सोही दफाको उपदफा (२) को खण्ड (ग), (घ) र (ङ) बमोजिम सजायमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो

निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ।"

**५०.** **मूल ऐनको दफा १२९ मा संशोधनः** मूल ऐनको दफा १२९ को सट्टा देहायको दफा १२९ राखिएको छः-

"**१२९.** **सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्नुपर्नेः** सहकारी संस्थाले सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी प्रचलित कानूनमा र मापदण्ड तथा नेपाल राष्ट्र बैङ्कको वित्तीय जानकारी इकाई लगायतले दिएको निर्देशनको पालना गर्नुपर्नेछ।

**५१.** **मूल ऐनको दफा १३० मा संशोधनः** मूल ऐनको दफा १३० को सट्टा देहायको दफा १३० राखिएको छः-

"**१३०.** **नियम बनाउने अधिकारः** यो ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।"

**५२.** **मूल ऐनको दफा १३०पछि दफा १३०क. थपिएको छः-**

"**१३०क.** **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेः** (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही सहकारी संस्थाको दर्ता, सञ्चालन, एकीकरण तथा विभाजन र निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न मन्त्रालयले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मापदण्ड बनाउँदा सदस्यको बचत सुरक्षण तथा संस्थागत दिगोपनाको लागि अवलम्बन गरिएका अन्तर्राष्ट्रिय मान्यता प्राप्त मापदण्डको आधारमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्था वा संघको हकमा छुट्टै मापदण्ड बनाउन सकिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ।"

**५३. <u>खारेज</u>**: मूल ऐनको दफा १०२, १०५, १११ र ११२ खारेज गरिएका छन्।

प्रमाणीकरण मितिः २०७९/०४/३१

आज्ञाले
दिनेश सागर भुसाल
प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय